कुम्मायक गाउँपालिकाको गाउँसभा अधिवेशन मिति २०८१ असार ०३ गते कुम्मायक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री बम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँपालिकाको सभाहलमा निम्न उपस्थिति माझ संचालन भइ सम्पन्न गरीयो।

**उपस्थिति :**

| क्र. स. | जनप्रतिनिधिको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | बम प्रसाद लावती | अध्यक्ष | |
| २ | महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | देवेन्द्र कुमार लावती | गाउँ सभा सदस्य | |
| ४ | बालकृष्ण सेर्मा | गाउँ सभा सदस्य | |
| ५ | बाबुराम कार्की | गाउँ सभा सदस्य | |
| ६ | फगेन्द्र कुमार सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| ७ | निर्मल राज घिमिरे | गाउँ सभा सदस्य | |
| ८ | इन्द्रसरी विश्वकर्मा | गाउँ सभा सदस्य | |
| ९ | गंगा देवी बोहोरा | गाउँ सभा सदस्य | |
| १० | धनमाया तामाङ | गाउँ सभा सदस्य | |
| ११ | वेदमाया चाँपागाई | गाउँ सभा सदस्य | |
| १२ | डिक बहादुर दर्जी | गाउँ सभा सदस्य | |
| १३ | लक्ष्मी नेपाली | गाउँ सभा सदस्य | |
| १४ | इन्द्र कला लावती | गाउँ सभा सदस्य | |
| १५ | ईन्द्र माया नेपाली | गाउँ सभा सदस्य | |
| १६ | मन कुमारी शेर्मा | गाउँ सभा सदस्य | |

बम प्रसाद लावती

| | | | |
|---|---|---|---|
| १७ | अम्बर पौडेल | गाउँ सभा सदस्य | |
| १८ | दिल माया नेम्वाङ | गाउँ सभा सदस्य | |
| १९ | सञ्च माया गजमेर | गाउँ सभा सदस्य | |
| २० | लाल कुमार शेर्मा | गाउँ सभा सदस्य | |
| २१ | तारा बीर कुँवर | गाउँ सभा सदस्य | |
| २२ | मंगली गदाल | गाउँ सभा सदस्य | |
| २३ | हरी प्रसाद ढुङगाना | गाउँ सभा सदस्य | |
| २४ | पुर्ण बहादुर दाहाल | गाउँ सभा सदस्य | |
| २५ | बिमला नेपाली | गाउँ सभा सदस्य | |
| २६ | लक्ष्मण सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| २७ | छवि लाल लिम्बु | गाउँ सभा सदस्य | |
| २८ | ईन्द्र प्रसाद चेम्जोङ | गाउँ सभा सदस्य | |
| २९ | सुरेन्द्र पौडेल | गाउँ सभा सदस्य | |
| ३० | गणेश अधिकारी | गाउँ सभा सचिव | |

बम प्रसाद लावती
अध्यक्ष

अनुसूची - १

(कार्यविधि ऐन को दफा १८ सँग सम्बन्धित)

कुम्मायक गाउँपालिका, गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्या - १ | बैठक स्थान: गाउँपालिकाको सभाहल

अध्यक्षता: श्री बंम प्रसाद लावती

बम प्रसाद लावती
अध्यक्ष

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०३/०३ | दिनको ठीक २ वजे | आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमसभामा पेश | अध्यक्ष श्री बंम प्रसाद लावती | |

छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|
| २०८१/०३/०३ | दिनको २:३० वजे | आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम | अध्यक्ष बंमप्रसाद लावती | सभा सदस्य ज्यूहरु | समय ५ मिनेट | |

बैठक सञ्चालन

## सभा समक्ष प्रस्ताव पेश

१ सदस्यज्यूहरु कुम्मायक गाउँपालिकाको गाउँसभाको अधिवेशन २०८१ को बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२ सदस्यज्यूहरु अव म कुम्मायक गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमलाई सभा समक्ष प्रस्ताव पेश गर्न अनुमती चाहान्छु ।

छलफल/ निर्णयर्थ प्रस्ताव पेश

सदस्यज्यूहरु आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्ताव माथि छलफल प्रारम्भ भएको जानकारी गराउँदछु ।

सभा सदस्यज्यूहरु छलफल तथा विचार राख्न ५ मिनेटको समयावधि निर्धारण गरेको छु ।

छलफल तथा विचार राख्न सभा सचिवालयको कर्मचारीलाई नाम टिपाउन सक्नुहुनेछ ।

आफ्नो विचार राख्दा गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

## छलफल तथा विचार सङ्कलन र सभासद्को विचार प्रस्तुत

सभासदस्यज्यूहरु अब म यस सभामा प्रस्तुत भएको आ.व. २०८१/०८२ को वार्षिकनीति तथा कार्यक्रमको प्रस्तावलाई निर्णायर्थ पेश गर्न चाहान्छु -

पक्षमा हुने सदस्यज्यूहरुले हुन्छ भन्नुहोस ।

विपक्षमा हुने सदस्यज्यूहरुले हुन्न भन्नुहोस ।

तटस्थ रहने सदस्य ज्यूहरुले मत दिन्न भन्नुहोस ।

हुन्छ भन्ने सदस्यज्यूहरुको सर्बसम्मत देखिएकोले सो प्रस्ताव पारित भएको घोषणा गर्दछु ।

सभा सदस्यज्यूहरु अब कुम्मायक गाउँपालिकाको गाउँसभाको अधिवेशको आजको बैठक समापन भएको घोषणा गर्दछु ।

बम प्रसाद लावती
अध्यक्ष

## आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

## कुम्मायक गाउँपालिकाका अध्यक्ष श्रीमान बंम प्रसाद लावतीबाट कुम्मायक गाउँपालिकाको गाउँसभामा प्रस्तुत गर्नुभएको आ.व.२०८१/०८२ वार्षिक प्रमुख नीति तथा कार्यक्रम

गाउँसभामा पेश भएको मिति - २०८१।०३।०३

गाउँसभामाबाट निर्णय भएको मिति - २०८१।०३।०३

सभाका सदस्य ज्यूहरु,

१. नेपालको संविधान अनुसार संघीयता कार्यान्वयनको क्रममा पालिकाको समग्र विकासको महत्वपूर्ण आधार तयार गर्ने कुम्मयाक गाउँपालिकाको दोस्रो निर्वाचन पश्चात गठित यस सभाको गरिमामय गाउँसभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।

२. यस अवसरमा सर्वप्रथम म राष्ट्रहित, नेपालको प्रजातान्त्रिक आन्दोलन , राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. **"सामाजिक आर्थिक विकासको पूर्वाधार, समृद्ध कुम्मायकको आधार"** भन्ने दीर्घकालीन सोंचका साथ हाम्रो संकल्प ,समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ .व . २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण जलबायू परिवर्तन र लैङगिक उत्तरदायी वजेट तर्जुमामा ध्यान दिई गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी , तथा दिगो विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न प्रयास गरी रहेका छौं।

४. पछिल्लो स्थानीय तहले तर्जुमा गरिएका विगत आवका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा महत्वपुर्ण सहयोग तथा साझेदारी गरी योग्दान पुर्याउनु हुने समस्त आम कुम्मायकबासी नागरिक तथा मतदाताहरु ,राजनितिक दल, गैर सरकारी संस्था, बुद्धिजिवि लगायमा कृतज्ञता व्यक्त गर्दछु।

सभाका सदस्यज्यूहरु,

५. संघ, प्रदेश र स्थानीय तहहरु बीचको सम्बन्धलाई सहकारीता, सहअस्तित र समन्वयको सिद्धान्तमा आधारित भएर अझ प्रगाढ बनाउन तथा स्थानीय तहको एकल अधिकारका विषयमा आवश्यक कानुनहरु तर्जुमा गर्ने कार्य भइरहेको छ। संघीय शासन प्रणाली अनुरुप तीन तहको ढाँचामा आधाररित सरकारको माध्यमबाट स्थायी शान्ति, समृद्धि, सुशासन तथा दिगो विकासको प्रतिफल सबैलाई उपलब्ध गराउने दिशामा पालिका अग्रसर भइरहेको छ।

६. विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ महामारीबाट माथि उठन लागेको- अर्थतन्त्र पुनः युक्रेन तथा इजरायल युद्ध जस्ता कारणबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ। यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव परेको र पालिकालाई प्राप्त हुने विभिन्न प्रकारका वित्तीय हस्तान्तरणमा कटौती भई समग्र पालिकाको योजना कार्यान्वयमा नकारात्मक असर पुगेकोछ।

७. यस पालिकाका विभिन्न क्षेत्रबाट विभिन्न कारणले आन्तरिक तथा वाह्य वसाइ सरी जाने दर उच्च भई गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन। उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन। यस सन्दर्भमा युवालाइ पालिकाभत्रै रोजगारीको अवसर सृजना गर्ने र स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ।

बम प्रसाद लावती
अध्यक्ष

आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

८. समग्र सेवा प्रवाहको कार्यलाई व्यवस्थित, मर्यादित, स्तरीय, प्रभावकारी तथा गुणस्तरीय बनाउँदै जनसेवाको स्थानीय सरकारको प्रभावकारीता अभिवृद्धि गरी सेवाग्राहीलाई प्रत्यक्ष अनुभूत गराउन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरी कार्यान्वयनको चरणमा छ। यसलाई थप प्रभावकारी छिटो र चुस्त सेवा प्रवाहका लागि कर्मचारीको क्षमता विकासमा जोड दिँदै विद्युतीय सुशासन प्रणाली अवलम्बन गर्नु पर्ने अवस्था देखिन्छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७८.५ प्रतिशत अंक प्राप्त गरेको छ।

सभा सदस्य ज्यूहरु

९. सडक लगायत पूर्वाधार निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु तथा सबै वडामा सडक पूर्वाधारको पहुँच पुग्नु हाम्रा समृद्धिका आधार हुन। यसलाई थप स्तरोन्नतिका लागि हामी माझ चुनौतीको रुपमा उभिएको छ।

१०. खानेपानी कमीका कारण बसोबास तथा जनजीवनमा परेको असहजतालाई न्यूनिकरण गरी आकर्षक र व्यवस्थित बसोबास गर्ने सन्दर्भमा पालिकाले तमोर लिफ्ट खानेपानीको महशुलको ५० प्रतिशत भुक्तानी तथा अन्य व्यवस्थापकीय कार्यमा जोड दिँदै आएको छ भने यसलाई दीर्घकालीन रुपमा व्यवस्थापन गर्नु चुनौती थपिएको छ।

११. यस पालिका प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा ,गिट्टी , बालुवा) मा प्रचुर सम्भावना बोकेको क्षेत्र हो। यसबाट अपेक्षित रुपमा लाभ लिन नसक्नु हाम्रो चुनौती हो। यसलाई वातावरणीय अध्ययन गरी प्रदेश कानुनले तोके अनुसार जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा पालिकाले दररेट थप गरी असुली गरिएको छ।

१२. हाम्रा आवश्यकताहरु असिमित छन् तर हामीसंग श्रोत साधन सिमित छन। स्थानीयस्तरबाट उठ्ने आयतनको आन्तरिक राजस्व संकलन गर्न सक्ने सम्भावना न्युन छ। अत: संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु नै हाम्रा आम्दानीको स्रोत भएको र त्यसरी प्राप्त बजेट शर्त अनुसार विनियोजन गर्नु पर्ने चुनौति रहेको छ।

सभा सदस्य ज्यूहरु,

१३. नेपालको संविधानमा तोकिएको स्थानीय शासन सम्बन्धी नीतिगत व्यवस्था , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, नेपाल सरकार पक्ष राष्ट्र भएका सन्धि सम्झौता, नेपाल सरकारको स्वीकृत सोह्रौं आवधिक योजना, प्रदेश सरकारको दोस्रो आवधिक योजना, गाउँपालिकाको प्रथम एकीकृत आवधिक गाउ विकास योजना, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, निर्वाचनका क्रममा मतदाताहरु माझ गरिएका प्रतिबद्धता तथा घोषणापत्र ,पालिकाबाट गरिएका समझदारी तथा प्रतिवद्धता तथा गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी विभिन्न माध्यमबाट प्राप्त सुझाव राय तथा परामर्शका आधारमा सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को यो नीति तथा कार्यक्रम ल्याइएको छ।

१४. यस गाउँपालिकाको केन्द्र यासोक बजार कालोपत्रे भएको तथा गाउँपलिका जोड्ने मुख्य सडकहरु तथा तमोर करिडोर आयोजना मार्फत पालिका क्षेत्रभित्र समेत तीव्र रुपमा कालोपत्रेको कार्य भइरहेको छ। जस्का कारण हाल दैनिक रुपमा पालिकामा यातायातको सुविधा विस्तार भएको छ। यातायातको पहुँच सरल सहज र विश्वासनिय बनाउन प्रमुख सडकलाइ सुदृढ बनाइएको छ।

१५. गाउँपालिकाले आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित स्थानीय पाठ्यक्रमको विकास गरी सबै विद्यालयहरुमा सो अनुसारको पाठ्यपुस्तक विकास गरी पठनपाठनको व्यवस्था मिलाइएको छ।

१६. चालु आ व मा सामुदायिक विद्यालयहरुका भवनहरु अन्तर सरकार साझेदारीमा निर्माण गर्दै आएको छ जसमा हालसम्म ४ ओटा माध्यमिक विधालय तथा एउटा आधारभूत विधालयको भवन निर्माण गरिएको छ।

१७. जनस्वास्थ्यलाई ध्यान दिँदै स्वास्थ्यमा सहज पहुंच सुनिश्चितताका लागि नेपाल सरकारको स्वीकृत १५ शैय्याको आधारभूत अस्पतालको भौतिक पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ भने गाउँपालिकाले हाल सो अस्पतालको उद्घाटन गरी ९ शैयाको सेवा साविक यासोक स्वास्थ्य चौकीको भवनबाट सुचारु गरिएको छ

१८. एम्बुलेन्स सेवा, भिडियो एक्से रे सेवा समेत सुचारु भएको छ।

१९. बाह्रै महिना चल्ने बाटो स्तरोन्नति गर्न वडा नं. २ मा भ्याकहो लोडर खरिद जस्ता सेवा बिस्तार गरिएको छ।

**सभा सदस्य ज्यूहरु,**

अब म कुम्मायक गाउँपालिकाको सम्मुन्नती, समृद्धी र चौतर्फी सन्तुलित विकासको आ व २०८१।८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु

२०. कृषि प्रणालीमा रहेको लागत न्युनीकरण गर्न कृषिमा यान्त्रीकरण गरि व्यवसायीक कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ। साथै उत्पादित परिमाणमा आधारित भइ कृषक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमा जोड्दै बेरोजगारमा सूचिकृत भएका युवाहरुलाई साना साना उत्पादन समूह निर्माण गरी पालिकाबाट लगत साझेदारी गरी बढी भन्दा बढी उपयोग गरिनेछ।

२२. बैदेशिक सोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृत र पुन श्रम स्वीकृतीको कार्यलाइ प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ।

२३. कृषि उपजलाई बजार सँग जोड्न कृषि उपज संकलन केन्द्रहरुलाइ जोड गर्दै पालिकास्तरिय चिस्यान केन्द्र नव प्रवर्तन कार्यक्रम मार्फत निर्माण गर्न जोड दिइनेछ।

२४. निजि तथा सामुहिक स्तरमा संचालन भएका कृषि फर्महरुको विकास गर्न संचालित फर्महरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा भौतिक संरचनाको सुदृढीकरण गरिनेछ।

२५. फलफुल विरुवामा गाउँपालिकालाई क्रमश आत्मनिर्भर वनाउनका लागि नर्सरी स्थापना गरिनेछ।

२६. कृषिजन्य उत्पादित वस्तुहरुको वाह्य बजारमा विक्रि तथा निर्यात गर्ने व्यवस्था मिलाइन अन्य स्थानीय तहहरुसंग समन्वय गरिनेछ।

२७. स्थानीय भू उपयोग- योजनालाई कार्यान्वयनमा ल्याइनेछ। जैविक र प्राङ्गारिक मल उत्पादन गर्न जोड दिइनेछ। तेलहन तथा रैथाने बाली प्रवर्धनमा जोड दिइनेछ।

२८. विषादीको प्रयोगलाई न्यूनिकरण गर्न एकिकृत शत्रुजिव व्यवस्थापन कार्यक्रम सञ्चालन गरी जैविक विषादिको उत्पादनमा प्रोत्साहन गरिनेछ। उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि यान्त्रिकरणलाई जोड दिइनेछ।

**गाउँसभाका सदस्य ज्यू हरू,**

२९. स्वस्थ्य पशुपंछी उत्पादन गर्न पशुपंछीका लागि गोठ तथा खोर सुधारका साथै औषधि उपचार पौष्टिक आहारमा दिइदै आएको ,अ नुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

३०. पशुजन्य बस्तुको उत्पादन कार्यमा किसान प्रोत्साहन कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३१. पशु विकासका लागि विसालु घास हटाउने र पोषणयुक्त घास का विरुवा लगाउन किसानहरुलाइ प्रोत्साहित गरिनेछ ।

३२. हरेक वडामा कृषी तथा पशु प्राविधिक सेवा बिस्तार गरी भेटेरिनरि तथा कृषी सेवालाई वडा तहबाट सेवा प्रवाह गरिनेछ ।

३३. बालीनालीको उत्पादन र उत्पादकत्व एकिन गर्न बालि कटानी कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

३४. कुम्मायक गाउँपालिकामा पालिकास्तरिय यासोक भेटेरिनरि अस्पताल तथा प्रयोगशाला निर्माण गरि नियमित रुपमा सेवा प्रवाह गर्न प्रदेश तथा संघीय सरकार संग पहल गरिनेछ।

३५. रेबिज लगायतका रोगहरुको न्युनिकरण गर्न तथा भुसिया कुकुरहरुको संख्या घटाउन सामुदायिक कुकुरहरुको वन्ध्याकरण शिविर सञ्चालन गरिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

## आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

३६. पशु चौपायहरुको बिमा कार्यक्रमलाई प्राथमिकता दिइ उत्पादनका आधारमा कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

३७. गाइ भैसिको कृतिम गर्भाधानकार्यक्रम सञ्चालनलाइ निरन्तरता दिदै बोयर बाख्राको कृत्रिम गर्भधारण कार्यक्रम थप गर्ने।

**सभाका सदस्य ज्यूहरू,**

३८. कुम्मायक कुस्सायक पर्यटकिय क्षेत्रलाई धार्मिक पर्यटनका लागि आकर्षक गन्तव्य वनाउन कुम्मायक कुस्सायक क्षेत्र पर्यटन विकास योजेनालाई निरन्तरता दिइनेछ। संघीय सरकारबाट साझेदारीमा सञ्चानमा रहेको पर्यटन पूर्वाधार कार्यक्रमको सम्पन्न गर्न पहल गरिनेछ।

३९. पर्यटकीय स्थलहरु सुम्हालुङ्ग (थेङ्गेन चोक), रानीगुफा थोङ्गसेलिङ्ग ,दे ,शेर्मा तुम्याहाङ , जयराम पार्टी, मगरडांडा , वालकर्ण , थामडाँडा ,थाकथाकु यूमा माङहिम , ध्वा राजा ध्वारानी कागेश्वरी, चमेरे गुफा तलाउ पोखरी सेहो नाम्लाङ आदि क्षेत्रहरुको संरक्षणमा निरन्तरता दिइनेछ। ऐतिहासिक स्थल अन्थाक चोलुङ पार्क हुँदै कुम्मायक मन्दिर ,देवल , को पर्यटन प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४०. सार्बजनिक स्थलहरु पाटी पौवा चौतारा धार्मिक संघ संस्थाहरुको संरक्षण एवं प्रबर्धनमा जोड दिइनेछ।

**गाउँसभाका सदस्य हरू,**

४१. सहकारीहरुको व्यवस्थापकिय क्षमता र संस्थागत विकासका लागि आवश्यक नियमनको व्यवस्था मिलाईनेछ।

४२. सहकारीहरुलाइ कोपोमिस प्रणालीमा आवद्धगराइ क्षमता विकासमा जोड दिने।

४३. सीप सिकेका उद्यमीहरुलाई व्यवसायिक बनाउन कोशेली घर (उधम घर) सञ्चालनमा ल्याईनेछ।

४४. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई उत्पादनसंग जोडी पालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

४५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।

४६. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछर्यौट गर्ने कार्य अगाडी बढाइनेछ। जनप्रतिनिधिहकर्मचारीहरु तथा टोल विकास समि ,तिका पदाधिकारीरहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ।

४७. सार्वजनिक खर्चलाई मितव्ययी अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

४८. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यको प्रतिवेदनमा उल्लेख भए वमोजिम संगठन संरचनाको अवलम्वन गरी कार्यान्वयनमा ल्याईनेछ।

४९. पालिका तथा निकायहरुमा कार्यरत कार्यालय सहयोगीहरुको तलबमानलाइ नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिकमा नघट्ने गरी तलबमान कायम गरिनेछ।

५०. पालिकाबाट तयार भएका ऐन कानूनहरुलाई विज्ञबाट अध्ययन गराई संशोधन एकीकृत गरी एवम् समयानुकूल बनाईनेछ ।

**गाउँसभा सदस्य ज्यूहरू,**

५१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

५२. न्यायमा पहुँच अभिबृद्धीका लागि कानूनी सचेतना तथा निशुल्क कानूनी सहायताका लागि कानूनी सचेतना कार्यक्रम वडा स्तर सम्म सञ्चालन गरिने छ।

५३. शान्ति सुरक्षा लगायत नागरिकको धनजनको संरक्षण र तमोर कोरिडोरका कारण सृजित जोखिम र अवैधानिक गतिविधिलाई नियन्त्रण गर्न कुम्मायक गाउँपालिका क्षेत्रभित्र पर्ने तमोर कोरिडोर भुल्केमा प्रहरी चौकी स्थापना गर्न पहल गरिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

५४. कुम्मायक गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय भवन निर्माणको कार्यलाई अगाडि बढाउन पहल गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरू,**

५५. विध्यमान पालिकाको विषयगत ऐन , नियमावली, नीति,कार्यविधि निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत विभिन्न क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

५६. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सम्बन्धित विधालयको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

५७. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ ।

५८. शिक्षकहरुको पेशागत पेशागत क्षमता विकासको लागि लगानी गरिनेछ। शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) को अध्यावधिकरण गर्न प्रेरित गरिनेछ ।

५९. सफा विधालय' कार्यक्रम अन्तर्गत शौचालय भवन मर्मत एवंम स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ ।

६०. शैक्षिक संस्थाको व्यवस्थापकीय सक्षमता अभिवृद्धि साथै शैक्षिक उपलब्धि वृद्धि तथा गुणस्तरमा सुधार ल्याउन विषयगत समितिबाट सुपरीवेक्षण कक्षा अवलोकन नमुना कक्षा प्रदर्शन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ,

६१. शिक्षक अविभावक संघ तथा बालक्लबको क्षमता ,विद्यालय व्यवस्थापन समिति ,वडा शिक्षा समिति ,मागमा आधारित तालिम विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

६२. प्रारम्भिक बाल विकास केन्द्रको कक्षा १ मा भर्ना हुने अवस्थाको सुनिश्चतता गर्न तोकिए अनुसारको बालबालिका संख्या नभएका केन्द्रलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। शैक्षिक संस्थाको संस्थागत क्षमता अभिवृद्धि तथा सबलीकरणका लागि शैक्षिक गुणस्तर सुधार कोषको व्यवस्था मिलाइनेछ। यस कार्यक्रमलाई माथिल्लो तह सञ्चालन भएको तथा विगतमा अङ्ग्रेजी माध्यम लागु गर्न विद्यालयलाई निकासा गरिएको शैक्षिक गुणस्तर सुधार कोषलाई थप गरी व्यवस्थित गरिनेछ।

६३. **हाम्रो विद्यालय राम्रो विद्यालय"** भन्ने नारालाई अभियानको रुपमा सञ्चालन गरि आवश्यकताको आधारमा विद्यालयहरुलाई शैक्षिक तथा भौतिक पूर्वाधारयुक्त सुविधा सम्पन्न बनाउँदै लगिनेछ।

६४. गाउँपालिकाको शैक्षिक उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ। शिक्षामा गुणस्तर कायम गर्न नवीनतम विधिको उपयोगलाई अनुशरण, अनुसन्धान गर्दै प्रमुख शैक्षिक सरोकारवाला संग छलफल तथा अन्तरकृयात्मक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६५. विद्यार्थीहरुको नेतृत्व क्षमताको विकास तथा बहुप्रतिभाको विकास गर्न अतिरिक्त क्रियाकलापको रुपमा कृषि, पशुपालन तथा उद्यम व्यवसाय र आयआर्जन तथा जीवनोपयोगी ज्ञानमा सम्बन्धित विषयका विज्ञहरुसंगको सहकार्यमा कक्षाहरु सञ्चालन गरिनेछ ।

६६. पूर्णसाक्षर गाउँपालिका निर्माण गर्न विद्यालय तथा समुदाय केन्द्रित साक्षरता कार्यक्रम तथा खं-ड़ीकृत तथ्याङ्क सङ्कलन तथा कार्यक्रम सञ्चालनका लागि सामुदायिक सिकाई केन्द्रहरुलाई जिम्मेवार बनाइनेछ।

६७. एक पालिका एक नमुना विद्यालय निर्माणको अवधारण अनुसार ,संघीय सरकार संग समन्वय गरी नमुना माध्यमिक विद्यालय बनाउन विद्यालय तथा अभिभावकहरुको सक्रियतामा पहल गरिनेछ।

६८. गाउँपालिकाले पालिकाभित्र रहेका खेल कौशल र प्रतिभालाइ विकास गर्न भलिबल फुटबल एवम् ब्याडमिन्टन कृकेट जस्ता खेलकुद कार्यक्रमहरु आयोजना गर्न प्रेरित गरिनेछ।

६९. **स्वास्थ्यका लागि खेलकुद राष्ट्रको लागि खेलकुद** भन्ने नारालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नगाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने सहकार्य र साझेदारी गरिनेछ।

बम प्रसाद लायती
अध्यक्ष

## आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

८६. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरूलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८७. कुम्मायक गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुको अभिलेख तथा वर्गीकरण गरी राईट अफ वे तोकिनेछ। साथै वर्गीकरण गरिएका सडकहरूलाई प्राथमिकताका आधारमा नेपाल रोड स्ट्यान्डर्ड मापदण्ड अनुसार स्तरोन्नति गरी वातावरण अनुकूलन सडक स्तरोन्नतिलाई विशेष जोड दिइनेछ।

८८. नयाँ ट्र्याक ओपनलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ। कुम्मायक गाउँपालिकाको गाउँ गौरवको योजनाको रुपमा प्रत्येक वडामा १ १ ओटा पालिकाको नमुनाको रुपमा गौरवको कार्यक्रम सञ्चालन प्रारम्भ गरिनेछ।

८९. आयोजनाहरुको विस्तृत अध्ययन प्रतिबेदन तयारीभएका र प्रथमिकिकरणमा परेका आयोजनाहरुको आयोजना बैड्क स्थापना गरी प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयनमा लगिनेछ।

९०. **"गुणस्तरीय काम कुम्मायकको शान** भन्ने नाराका साथ पालिकास्तरीय एवं वडास्तरीय समितिको अनुगमनलाई थप प्रभावकारी रुपमा परिचालन गरिनेछ।

९१. पुर्वाधार निर्माणका क्षेत्रमा गुणस्तर कायम गर्न ईन्जिनियरिङ ल्याबको स्थापना गर्न आवश्यक प्रवन्ध मिलाउँदै लगिनेछ। पालिका भित्र निर्माण हुने सम्पूर्ण भवनहरुको घर नक्सा पास अनिवार्य रुपमा लागु गर्नका लागि आवश्यक कार्यविधिहरु तयार गरिनेछ।

९२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

९३. हेल्थ एण्ड सेफ्टी इन इन्जिनियरिङका लागि आवश्यक प्रवन्ध गरिनेछ र प्रत्येक निर्माणस्थलमा हेल्थ एण्ड सेफ्टी इन इन्जिनियरिङलाई अनिवार्य प्रयोगमा ल्याइनेछ।

९४. कुम्मायक गाउँपालिकाको बसपार्क स्थापनाको लागि जग्गा प्राप्तिको सम्भाव्यता अध्ययन गरि बसपार्कनिर्माणको कार्यलाई सुरुवात गरिनेछ।

९५. घर अभिलेखीकरणलाई अभियानको रुपमा सञ्चालन गरी सबै घर धनीको अभिलेख तयार गरिनेछ।

९६. टोलस्तरमा रहेका निर्मित संरचनाहरुलाई सम्बन्धित टोल विकास संस्था समक्ष हस्तान्तरण गर्दै लगिनेछ साथै त्यस्ता संरचनाहरुको मर्मत तथा स्तरोन्नतिका लागि हाई कन्ट्रिव्यूसन फष्ट प्रायोरिटिका आधारमा सबैभन्दा बढी साझेदारी गर्ने संस्था तथा टोल विकास समितिलाई पहिलो प्राथमिकता दिइनेछ।

९७. कुम्मायक गाउँपालिकाभित्र रहेका सार्वजनिक सम्पतिहरुको संरक्षण तथा उपयोग र व्यवस्थापनलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गरिनेछ। पालिका अन्तर्गतका प्रयोग नभएका पुराना भौतिक संरचना तथा अन्य जिन्सी सामाग्रीहरुको लिलाम बिक्रि लगायतका कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम गरिनेछ।

९८. इलाका प्रहरी कार्यालय यासोकलाइ क श्रेणीको स्तरोन्नतिका लागि पहल गरिनेछ।

९९. १५ शैया अस्पतालमा २४ सै घण्टा सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

सभा सदस्य ज्यूहरू,

१००. गाउँपालिकाको राजस्व वृद्धि गर्न कुम्मायक गाउँपलिका क्षेत्र हुदै बग्ने तमोर नदी छोरोङ्वा खोला साँवा खोला र निवु खोलाबाट वातारण प्रतिकूल नहुने गरी नदीजन्य पदार्थहरुको संकलन तथा बिक्री वितरण गर्न प्रचलित कानुन बमोजिम निरन्तरता दिईनेछ। सामुदायिक वनजङ्गलको संरक्षण तथा व्यवस्थापन गरी विपद् व्यवस्थापन प्रतिकार्यका निम्ति वडा कार्यालयहरुमा विपद् प्रतिकार्य उपकरणहरुको बन्दोबस्त गरिनेछ।

१०१. सामुदायिक वनहरुका आवश्यक ठाँउमा अग्नि रेखा निर्माण गरी सुख्खा याममा त्यस्ता रेखाहरुको पुनर्ताजकी गरिनेछ।

बम प्रसाद लावती
अध्यक्ष

आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

१०२. गाँउपालिकाको कार्यलाई पारदर्शी बनाउन तथा सूचनाको हकको सम्मान गर्न गाँउपालिकाको गतिविधिहरु नियमित रुपमा वेवसाइट तथा सामाजिक सञ्जालहरुमा प्रस्तुत गरिनेछ । कुम्मायक गाँउपालिकाको केन्द्र यासोक बजारमा सोलार प्रणालीमा आवद्ध सडक बत्तीहरुको व्यवस्थापनलाई निरन्तरता दिइनेछ । साथै बायोग्यासलाई उपयोगमा ल्याउन सम्भाव्यता अध्ययन गरि अगाडि बढाइनेछ ।

१०३ गाउँपलिकाको केन्द्र यासोक बजारदेखि तमोर कोरिडोरको सहज पहुँच विस्तार गर्न यासोक साँवासेरा मोटरबाटोलाई स्तरोन्नतिको कार्य अन्तरसरकार साझेदारीमा अगाडि- बढाउँदै लगिनेछ । यस पालिकाभित्रका कृषकहरुलाई विभिन्न वन्यजन्तुका कारण समस्या उत्पन्न भई उत्पादन तथा उत्पादित उपजको संरक्षणमा जोड दिन वन्यजन्तु आरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१०४. अति विपन्न नागरिकहरुको स्वास्थ्य सेवामा सहज पहुँच विस्तार गर्न स्वास्थ्य विमा कार्यक्रमलाई अगाडि बढाइनेछ । गाउँपालिकाभित्र रहेका कुलो पानीका मूलहरू , यस्ता श्रोतहरुबाट खानेपानी तथा सिंचाइको प्रबन्ध मिलाइनेछ।

१०५. कुम्मायक गाउँपालिकाको भाग्य र भविष्य जोडिएको राष्ट्रिय गौरवको आयोजनाको रुपमा ७५६ मेगावाटको तमोर जलासययुक्त जलविद्युत आयोजनालाई शिघ्र अगाडि बढाउन पहल गरिनेछ ।

१०६. भाषा आयोगको सिफारिस अनुसार श्रीजंगा लिपीलाइ कुम्मायक गाउँपालिकाको वडा नं १ मा प्रयोग भएकोमा आगामी आ व देखी गापाका सबै वडाहरुमा सरकारी कामकाजमा प्रयोगमा ल्याइने छ ।

१०७. लिम्बु भाषाका शिक्षकहरुलाइ मासिक रुपमा दिदै आएको अनुदान रकममा थप गरिनेछ

१०८. यासोक क्याम्पसलाइ व्यवस्थित रुपमा सञ्चालन गर्न गत जिगत देखी स्थापना गरिएको अक्षय कोषमा आगामी आवमा पनि रकम थप गरिने छ ।

१०९. गाउपालिकाको टोल बस्ति स्तरसम्म इन्टरनेट सेवा विस्तारका लागि सेवाप्रदायक संस्थासंग समन्वय गर्ने ।

११०. नेपाल सरकारबाट प्राप्त जनता आवास कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ.।

१११. वडाहरुलाइ बालमैत्री वडा घोषणा गर्नु पर्ने संघीय सरकारको नीतिमा भएकोले गत बिगत देखी कार्यक्रम राखिएकोमा सो कोरोना तथा बजेट अभावको कारण हुन नसकेकोले आगामी आवमा वडा नं १ लाइ बालमैत्री वडा घोषणा गरिने छ ।

११२. शिक्षाको विकासको लागि समयानुकुल व्यवस्थित गर्नका लागि बिद्यार्थि संख्या भूगोलको आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान गरिनेछ ।

सभा सदस्य ज्यूहरू,

११३. अन्तमा , नेपालको संविधानलाई आत्मासाथ गरी संविधानले परिकल्पना गरेको संघीयताको कार्यान्वयनमा संगै जनताको सबैभन्दा नजिकको सरकारको रुपमा आफ्नो अस्तित्व र औचित्य पुष्टि गर्ने दिशामा यस पालिकाले लिएको समृध्दिको चाहाना यो नीतिमा समेट्ने प्रयास गरेको छ । आगमी वजेटले यो नीति तथा कार्यक्रमलाई सम्वोधन गर्नेछ । सम्पूर्ण पालिका बासीहरुले यो नीति तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । यो वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न तवरले सुझाव दिनु हुने सम्पुर्ण आमा , बुवा दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरु तथा नीति तर्जुमा कार्यमा संलग्न हुने सबैप्रति हार्दिक धन्यबाद प्रकट गर्दछु ।

धन्यवाद ।

बमप्रसाद लावती

अध्यक्ष

कुम्मायक गाउँपालिका

बम प्रसाद लावती

अध्यक्ष

बम प्रसाद
अध्यक्ष

कुम्मायक गाउँपालिकाको गाउँसभा अधिवेशन मिति २०८१ असार १० गते कुम्मायक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री वम प्रसाद लावती ज्यूको अध्यक्षतामा कुम्मायक गाउँपालिकाको सभाहलमा निम्न उपस्थिति माझ संचालन भइ सम्पन्न गरीयो ।

उपस्थिति :

| क्र. स. | जनप्रतिनिधिको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | वम प्रसाद लावती | अध्यक्ष | |
| २ | महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | देवेन्द्र कुमार लावती | गाउँ सभा सदस्य | |
| ४ | बालकृष्ण सेर्मा | गाउँ सभा सदस्य | |
| ५ | बाबुराम कार्की | गाउँ सभा सदस्य | |
| ६ | फगेन्द्र कुमार सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| ७ | निर्मल राज घिमिरे | गाउँ सभा सदस्य | |
| ८ | इन्द्रसरी विश्वकर्मा | गाउँ सभा सदस्य | |
| ९ | गंगा देवी बोहोरा | गाउँ सभा सदस्य | |
| १० | धनमाया तामाङ | गाउँ सभा सदस्य | |
| ११ | वेदमाया चाँपागाई | गाउँ सभा सदस्य | |
| १२ | डिक बहादुर दर्जी | गाउँ सभा सदस्य | |
| १३ | लक्ष्मी नेपाली | गाउँ सभा सदस्य | |
| १४ | इन्द्र कला लावती | गाउँ सभा सदस्य | |
| १५ | ईन्द्र माया नेपाली | गाउँ सभा सदस्य | |
| १६ | मन कुमारी शेर्मा | गाउँ सभा सदस्य | |

बम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १७ | अम्बर पौडेल | गाउँ सभा सदस्य | |
| १८ | दिल माया नेम्वाङ | गाउँ सभा सदस्य | |
| १९ | सञ्च माया गजमेर | गाउँ सभा सदस्य | |
| २० | लाल कुमार शेर्मा | गाउँ सभा सदस्य | |
| २१ | तारा बीर कुँवर | गाउँ सभा सदस्य | |
| २२ | मंगली गदाल | गाउँ सभा सदस्य | |
| २३ | हरी प्रसाद ढुङ्गाना | गाउँ सभा सदस्य | |
| २४ | पुर्ण बहादुर दाहाल | गाउँ सभा सदस्य | |
| २५ | बिमला नेपाली | गाउँ सभा सदस्य | |
| २६ | लक्ष्मण सम्बाहाम्फे | गाउँ सभा सदस्य | |
| २७ | छवि लाल लिम्बु | गाउँ सभा सदस्य | |
| २८ | ईन्द्र प्रसाद चेम्जोङ | गाउँ सभा सदस्य | |
| २९ | सुरेन्द्र पौडेल | गाउँ सभा सदस्य | |
| ३० | गणेश अधिकारी | गाउँ सभा सचिव | |

बम प्रसाद लावती
अध्यक्ष

अनुसूची - १

(कार्यविधि ऐन को दफा १८ सँग सम्बन्धित)

कुम्मायक गाउँपालिका, गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्या - २ बैठक स्थान: गाउँपालिकाको सभाहल (मिति २०८१।०३।१०) अध्यक्षता: श्री वंमप्रसाद लावती

बम प्रसाद लावती
अध्यक्ष

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१/०३/१० | दिनको ठीक १ बजे | आगामी आ.व. २०८१/८२ को "कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१" सभामा पेश | उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का | |
| २०८१/०३/१० | दिनको ठीक १ :३० बजे | आगामी आ.व. २०८१/८२ को "कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा तथा कार्यमा खर्च गर्न बनेको विनियोजन विधेयक, २०८१" सभामा पेश | उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का | |
| २०८१/०३/१० | दिनको ठीक २ : ०० बजे | "लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका कुम्मायक गाउँपालिकाको अनियमित खर्चलाई नियमित गर्ने सम्बन्धी लेखा समितिको प्रस्ताव" सभामा पेश | लेखा समिति संयोजक फगेन्द्र कुमार सम्बाहाम्फे | |
| २०८१/०३/१० | दिनको ठीक २ : १५ बजे | " न्यायिक समितिको प्रतिवेदन, २०८१ " सभामा पेश | उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का | |

## बैठक सञ्चालन

१. कार्यसूची सबैलाई उपलब्ध गराउने - प्रमुख प्रशासकीय अधिकृत / सचिवालयको कर्मचारी

२. अध्यक्ष सभामा प्रवेश गर्ने

३. आशनग्रहणपूर्व राष्ट्रिय धुन बज्नेछ अनि सबै सदस्यहरुलाई बस्न निर्देशन गर्ने।

## आशनग्रहणपछि

सदस्यज्यूहरु - कुम्मायक गाउँपालिकाको गाउँसभाको अधिवेशन २०८१ को आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

१. अव म कुम्मायक गाउँपालिकाको आगामी आ.व. २०८१/८२ को "कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१" लाई सभामा पेश गर्न उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्कालाई अनुमती प्रदान गर्दछु ।

२. अव म "लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका कुम्मायक गाउँपालिकाको अनियमित खर्चलाई नियमित गर्ने सम्बन्धी लेखा समितिको प्रस्ताव" लाई सभामा पेश गर्न लेखा समितिका संयोजक श्री फगेन्द्र कुमार सम्बाहाम्फेलाई अनुमती प्रदान गर्दछु ।

३.अव म आगामी आ.व. २०८१/८२ को "कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा तथा कार्यमा खर्च गर्न बनेको विनियोजन विधेयक, २०८१" लाई सभामा पेश गर्न उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का लाई अनुमती प्रदान गर्दछु ।

अव "न्यायिक समितिको प्रतिवेदन, २०८१" सभामा पेश गर्न उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का लाई अनुमती प्रदान गर्दछु ।

बम प्रसाद लावती
अध्यक्ष

## छलफल/ निर्णयर्थ प्रस्ताव पेश

अव कुम्मायक गाउँपालिकाको "कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१" को प्रस्ताव माथि छलफल तथा विचार गरियोस भन्ने प्रस्ताव माथि छलफल प्रारम्भ भएको जानकारी गराउदछु।

**सदस्यज्यूहरु छलफल तथा विचार राख्न ५ मिनेटको समयावधि निर्धारण गरेको छु।**

आफ्नो विचार राख्दा गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ।

**छलफल तथा विचार ३ जनाले प्रस्तुत गर्नु भयो**

सभासदस्यज्यूहरु अब म यस सभामा उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काद्धारा प्रस्तुत गर्नुभएको "कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१" को प्रस्तावलाई यस सभा समक्ष निर्णायर्थ पेश गर्न चाहान्छु -

यस विधेयकको पक्षमा हुने सदस्यज्यूहरुले हुन्छ भन्नुहोस ।

यस विधेयकको विपक्षमा हुने सदस्यज्यूहरुले हुन्न भन्नुहोस ।

यस विधेयकको तटस्थ रहने सदस्य ज्यूहरुले मत दिन्न भन्नुहोस ।

**यस विधेयकको प्रस्ताव उपर हुन्छ भन्ने सदस्यज्यूहरुको सर्बसम्मत देखिएकोले सो प्रस्ताव पारित भएको घोषणा गर्दछु ।**

**सदस्यज्यूहरु**

अव कुम्मायक गाउँपालिकाको "लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका कुम्मायक गाउँपालिकाको अनियमित खर्चलाई नियमित गर्ने सम्बन्धी लेखा समितिको प्रस्ताव" माथि छलफल तथा विचार गरियोस भन्ने प्रस्ताव माथि छलफल प्रारम्भ भएको जानकारी गराउदछु।

सभा सदस्यज्यूहरु छलफल तथा विचार राख्न ५ मिनेटको समयावधि निर्धारण गरेको छु।

आफ्नो विचार राख्दा गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ।

**छलफल तथा विचार १ जनाले प्रस्तुत गर्नु भयो**

सभासदस्यज्यूहरु अब म यस सभामा वडाध्यक्ष तथा लेखा समितिका संयोजक श्री फगेन्द्र कुमार सम्बाहाम्फेद्धारा प्रस्तुत गर्नुभएको "लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका कुम्मायक गाउँपालिकाको अनियमित खर्चलाई नियमित गर्ने सम्बन्धी लेखा समितिको प्रस्ताव" को प्रस्तावलाई यस सभा समक्ष निर्णायर्थ पेश गर्न चाहान्छु -

यस प्रस्तावको पक्षमा हुने सदस्यज्यूहरुले हुन्छ भन्नुहोस ।

यस प्रस्तावको विपक्षमा हुने सदस्यज्यूहरुले हुन्न भन्नुहोस ।

यस प्रस्तावको तटस्थ रहने सदस्य ज्यूहरुले मत दिन्न भन्नुहोस ।

यस विधेयकको प्रस्ताव उपर हुन्छ भन्ने सदस्यज्यूहरुको सर्बसम्मत देखिएकोले सो प्रस्ताव पारित भएको घोषणा गर्दछु ।

अब कुम्मायक गाउँपालिकाको "कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा तथा कार्यमा खर्च गर्न बनेको विनियोजन विधेयक, २०८१" माथि छलफल तथा विचार गरियोस भन्ने प्रस्तावको छलफल प्रारम्भ भएको जानकारी गराउदछु ।

सभा सदस्यज्यूहरु छलफल तथा विचार राख्न ५ मिनेटको समयावधि निर्धारण गरेको छु ।

आफ्नो विचार राख्दा गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

छलफल तथा विचार ३ जनाले प्रस्तुत गर्नु भयो

सभासदस्यज्यूहरु अब म यस सभामा उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काद्वारा प्रस्तुत गर्नुभएको "कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा तथा कार्यमा खर्च गर्न बनेको विनियोजन विधेयक, २०८१" को प्रस्तावलाई सभा समक्ष निर्णायर्थ पेश गर्न चाहान्छु

**यस विधेयकको पक्षमा हुने सदस्यज्यूहरुले हुन्छ भन्नुहोस ।**

**यस विधेयकको विपक्षमा हुने सदस्यज्यूहरुले हुन्न भन्नुहोस ।**

**यस विधेयकको तटस्थ रहने सदस्य ज्यूहरुले मत दिन्न भन्नुहोस ।**

**यस विधेयकको प्रस्ताव उपर हुन्छ भन्ने सदस्यज्यूहरुको बहुमत देखिएकोले सो प्रस्ताव पारित भएको घोषणा गर्दछु ।**

सदस्यज्यूहरु

अब कुम्मायक गाउँपालिकाको "न्यायिक समितिको प्रतिवेदन, २०८१" को प्रस्ताव माथि छलफल तथा विचार गरियोस भन्ने प्रस्ताव माथि छलफल प्रारम्भ भएको जानकारी गराउदछु ।

सभा सदस्यज्यूहरु छलफल तथा विचार राख्न ५ मिनेटको समयावधि निर्धारण गरेको छु ।

आफ्नो विचार राख्दा गाउँसभा तथा नगरसभा सञ्चालनका लागि व्यवस्था गर्न बनेको ऐन २०७५ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

छलफल तथा विचार १ जनाले प्रस्तुत गर्नु भयो

सभासदस्यज्यूहरु अब म यस सभामा उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्काद्वारा प्रस्तुत गर्नुभएको "न्यायिक समितिको प्रतिवेदन, २०८१" को प्रस्तावलाई यस सभा समक्ष निर्णायर्थ पेश गर्न चाहान्छु -

यस प्रस्तावको पक्षमा हुने सदस्यज्यूहरुले हुन्छ भन्नुहोस ।

यस प्रस्तावको विपक्षमा हुने सदस्यज्यूहरुले हुन्न भन्नुहोस ।

यस प्रस्तावको तटस्थ रहने सदस्य ज्यूहरुले मत दिन्न भन्नुहोस ।

**यस प्रस्ताव उपर हुन्छ भन्ने सदस्यज्यूहरुको बहुमत देखिएकोले सो प्रस्ताव पारित भएको घोषणा गर्दछु ।**

सभासदस्यज्यूहरु अब कुम्मायक गाउँपालिकाको गाउँसभाको अधिवेशनको आजको बैठक समाप्त भएको घोषणा गर्दछु ।

निर्णय नं २- आर्थिक विधेयक

## कुम्मायक गाउँपालिकाको आर्थिक विधेयक, २०८१

### कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**गाउँ सभामा पेश भएको मिति २०८१।०३।१०**

प्रस्तावनाः कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कुम्मायक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) प्रारम्भ मिति २०८१।०४।०१ ।

२. सम्पत्ति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ । अनुसूची १ भित्र समावेश हुने अधिकतम एक रोपनी जग्गाको सम्पत्ति कर गणना अनुसूची २ बमोजिम हुनेछ ।

३. भूमि कर (मालपोत)ः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. घर बहाल करःगाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूर्ण वा आंशिक रूपले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्कः गाउँपालिकाले क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

खेम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

१०. पार्किङ शुल्क: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टीङ शुल्क: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टीङसेवा वा व्यवसाय संचालन गरेबापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

| सि.न. | राजस्वका क्षेत्रहरू | अघिल्लो आ.व २०७७।०७८ को दर | अघिल्लो आ.व. २०७८।०७९ को दर | अघिल्लो आ.व. २०७९।०८० को दर | चालु आ.व. २०८०।०८१ को दर | आगामी आ.व २०८१।०८२को दर |
|---|---|---|---|---|---|---|
| - | | | | | | |

१२. सेवा शुल्क, दस्तुर: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटनशुल्क:गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. कर छुट:यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूचि १

(क) सम्पति कर :वार्षिक न्युनतम घरघुरी कर र घरले चर्चेको एक रोपनी सम्म घडेरीको मालपोत यस अनुसूचि बमोजिम सम्पति करमा समावेश हुने ।रूपैयाँमा

बम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | दुई वा सो भन्दा बढी तला भएको पक्की घर | ५००। | ५००। | ५००। | ५००।- | ५००।- |
| २ | एकतले पक्की घर | ४००। | ४००। | ४००। | ४००।- | ४००।- |
| ३ | अर्धपक्की घर | २००।- | २००।- | २००। | २००।- | २००।- |
| ४ | जस्ताको छानो छानो भएको घर | १००।- | १००।- | १००। | १००।- | १००।- |
| ५ | टायल झिगटीको छानो भएको घर | १००।- | १००।- | १००। | १००।- | १००।- |
| ६ | खर चित्रा पराल फुस काठको छानो भएको घर | ५०।- | ५०।- | ५०। | ५०।- | ५०।- |

उल्लेखित कर असोज मसान्त सम्म १० प्रतिशत छुट हुने ,कार्तिक १ देखि पौष मसान्त सम्म सोही बमोजिम हुने,मांघ १ देखि चैत मसान्त सम्म १० प्रतिशत जरिवाना लाग्ने,बैशाख १ देखि असार मसान्त सम्म थप ५ प्रतिशत सहित १५ प्रतिशत जरिवाना लाग्ने र अर्को आ.व.पछि थप १० प्रतिशत सहित २५ प्रतिशत जरिवाना लाग्नेछ।

विगत आर्थिक वर्षको हकमा साविककै ऐन बमोजिम कर तथा जरिवाना लाग्नेछ ।

## अनुसूची २

भुमिकर (मालपोत):घरले चर्चेको एक रोपनी सम्म घडेरी सम्पती करमा समावेश हुने बाहेक अन्य सबै जग्गाको मालपोत यस अनुसूची बमोजिम संकलन हुने ।
पाँचथर जिल्ला कुम्मायक गाउँपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०८१/०८२ का मालपोत कर देहाय बमोजिम तोकिएको छ

(क)यासोक बजार क्षेत्र भित्र साविक यासोक ३ र साविक रानीगाउँ ६ र इ प्र का. दक्षिणमा क्याम्पस भवनसम्म यासोक बजार क्षेत्र , पुर्वमा डाडडुगे चौतारा, पश्चिममा कृषि सेवा केन्द्र उत्तरमा खलबले डाँडाभित्र काजग्गाको कर देहायबमोजिम हुनेछ । (रुपैयाँमा)

| सि.नं. | राजस्वका क्षेत्रहरु | अघिल्लो आ.ब. २०७७।०७८ को दर | अघिल्लो आ.ब. २०७८।०७९ को दर | चालु आ.ब. २०७९/०८० | आगामी आ.व. २०८०।०८१ को दर | आगामी आ.व. २०८०।०८१ को दर |
|---|---|---|---|---|---|---|
| १ | अव्वल | १५०।- | ५००।- | ५००। | ५००।- | ५००।- |
| २ | दोयम | १५०।- | ४००।- | ४००। | ४००।- | ४००।- |
| ३ | सिम | १५०।- | १५०।- | १५०। | १५०।- | १५०।- |
| ४ | चाहार | १५० | १००।- | १००। | १००।- | १००।- |

बम प्रसाद लावती
अध्यक्ष

बन प्रसाद लायती
अध्यक्ष

ख. माथिक रानीगाउं लिङ्देन, स्याबस्ना पिपलबोट, माइजावुड चौकी बजार केन्द्रको १०० मिटरभित्र र यासोक बजार को नं १ को सिमा देखि सम्मको जग्गा को मालपोतकर रुपैयाँमा)

| सि.नं. | राजस्वका क्षेत्रहरु | अघिल्लो आ.व.२०७७/७८ को दर | अघिल्लो आ.व २०७८/०७९ को दर | अघिल्लो आ.व.२०७९/०८० | चालु आ.व. २०८०/०८१ को दर | आगामी आ.व. २०८१/०८२को दर |
|---|---|---|---|---|---|---|
| १ | अब्बल | ८०।- | ८०।- | ८०। | ८०।- | ८०।- |
| २ | दोयम | ८०।- | ८०।- | ८०। | ८०।- | ८०।- |
| ३ | सिम | ८०।- | ८०।- | ८०। | ८०।- | ८०।- |
| ४ | चाहार | ८०।- | ८०।- | ८०। | ८०।- | ८०।- |

(ग) फिदिम रानीगाउं , यासोक , माइजावुड , मराङडाडा र फालगुनन्द गा.पा. जाने मोटर बाटोको ५० मी.क्षेत्रभित्र (रुपैयाँमा)

| सि.नं | राजस्वका क्षेत्रहरु | अघिल्लो आ.व. २०७७/०७८ को दर | अघिल्लो आ.व. २०७८/०७९ को दर | अघिल्लो आ.व.२०७९/०८०को दर | चालु आ.व.२०८०/०८१को दर | आगामी आ.व.२०८०/०८१ को दर |
|---|---|---|---|---|---|---|
| १ | अब्बल | १५।- | १५।- | १५।- | १५।- | १५।- |
| २ | दोयम | १३।- | १३।- | १३।- | १३।- | १३।- |
| ३ | सिम | ११।- | ११।- | ११।- | ११।- | ११।- |
| ४ | चाहार | ९।- | ९।- | ९।- | ९।- | ९।- |
| ५ | वर्ग नखुलेको हकमा | ६।- | ६।- | ६।- | ६।- | ६।- |
| ६ | अलैची उत्पादन हुने क्षेत्र (वि.स. २०४० सालमा दर्ता भएको क्षेत्र) | २०।- | २०।- | २०।- | २०।- | २०।- |

(घ) अन्य क्षेत्रमा (माथि (क) मा तोकिएको क्षेत्र बाहेकको हकमा मात्र लागू हुने)

| सि.नं. | राजस्वका क्षेत्रहरु | अघिल्लो आ.व. २०७७/०७८ को दर. | अघिल्लो आ.व. २०७८/०७९ को दर | अघिल्लो आ.व.२०७९/०८० को दर | चालु आ.व.२०८०/०८१ को दर | आगामी आ.व.२०८१/०८२ को दर |
|---|---|---|---|---|---|---|
| १ | अब्बल | ८।- | ८।- | ८।- | ८।- | ८।- |
| २ | दोयम | ७।- | ७।- | ७।- | ७।- | ७।- |
| ३ | सिम | ६।- | ६।- | ६।- | ६।- | ६।- |
| ४ | चाहार | ५।- | ५।- | ५।- | ५।- | ५।- |

बन प्रसाद लायती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | वर्ग नखुलेको हकमा | १०।- | १०।- | १०।- | १०।- | १०।- |
| ६ | अलैची उत्पादन हुने क्षेत्र (वि.स. २०४० सालमा दर्ता भएको क्षेत्र) | २०।- | २०।- | २०।- | २०।- | २०।- |

(ङ) माथि (क) र (ख) मा उल्लेखित क्षेत्र भएपनि यासोकबजार र तिङदेन बजार भित्र देहाय बमोजिम मालपोत कर लाग्नेछः (रुपैयाँमा)

| सि.न | राजस्वका क्षेत्रहरु | अघिल्लो आ.ब. २०७७।०७८ को दर | अघिल्लो आ.ब. २०७८।०७९ को दर | अघिल्लो आ.ब.२०७९/०८० को दर | चालु आ.ब.२०८०/०८१ को दर | आगामी आ.ब.२०८१/०८२ को दर |
|---|---|---|---|---|---|---|
| १ | २ आना भन्दा माथि ४ सम्म | २००।- | २००।- | २००।- | २००।- | २००।- |
| २ | ४ आना भन्दा माथि ८ सम्म | २५०।- | २५०।- | २५०।- | २५०।- | २५०।- |
| ३ | ८ आना भन्दा माथि १२ सम्म | ३००।- | ३००।- | ३००।- | ३००।- | ३००।- |
| ४ | १२ आना भन्दा माथि १६ सम्म | ३५०।- | ३५०।- | ३५०।- | ३५०।- | ३५०।- |

(च) माथि (क) मा उल्लेखित क्षेत्र भएपनि माङजावुङ चौथी र स्याबरुम्वा पिपलबोटे बजार भित्र देहाय बमोजिम मालपोत कर लाग्नेछः (रुपैयाँमा)

| सि.नं. | राजस्वका क्षेत्रहरु | अघिल्लो आ.ब. २०७७।०७८ को दर | अघिल्लो आ.ब. २०७८।०७९ को दर | अघिल्लो आ.ब. २०७९/०८० को दर | चालु आ.ब. २०८०/०८१ को दर | आगामी आ.ब. २०८१/०८२ को दर |
|---|---|---|---|---|---|---|
| १ | २ आना भन्दा माथि ४ सम्म | २०।- | २०।- | २०। | २०। | २०। |
| २ | ४ आना भन्दा माथि ८ सम्म | २५।- | २५।- | २५। | २५। | २५। |
| ३ | ८ आना भन्दा माथि १२ सम्म | ३०।- | ३०।- | ३०। | ३०। | ३०। |
| ४ | १२ आना भन्दा माथि १६ सम्म | ३५।- | ३५।- | ३५। | ३५। | ३५। |

उल्लेखित कर आ.व.२०८०।०८१ सम्मको २०८१ असोज मसान्त सम्म एकपटकलाई जरिवाना छुट हुने। सालबाली रुपमा असोज मसान्त सम्म १० प्रतिशत छुट हुने ,कार्तिक १ देखि पौष मसान्त सम्म सोही बमोजिम हुने,माघ १ देखि चैत मसान्त सम्म १० प्रतिशत जरिवाना लाग्ने,वैशाख १ देखि असार मसान्त सम्म थप ५ प्रतिशत सहित १५ प्रतिशत जरिवाना लाग्ने र अर्को आ.व.पछि थप १०

बम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

प्रतिशत सहित २५ प्रतिशत जरिवाना लाग्नेछ। विगत आर्थिक वर्षको हकमा साबिककै ऐन बमोजिम कर तथा जरिवाना लाग्नेछ।

## अनुसूची ३

## बहाल कर

यस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, जग्गा वा पोखरी पूरै आंशिक तवरले साथै अन्य कुनै सम्पति आम्दानी हुने गरी बहालमा दिएकोमा बहाल रकमको १० (दश) प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ। संगठित संघसस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत रकम बुझाउँदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ।

बहाल कर निर्धारण प्रक्रिया :

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक अवधिलाई लिई बहाल कर [illegible] पर्नेछ।

२) गाउ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वय घोषणा गरेको वा सम्झौतापत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ।

उल्लेखित कर असोज मसान्त सम्म १० प्रतिशत छुट हुने ,कार्तिक १ देखि पौष मसान्त सम्म सोही बमोजिम हुने,माघ १ देखि चैत मसान्त सम्म १० प्रतिशत जरिवाना लाग्ने,बैशाख १ देखि असार मसान्त सम्म थप ५ प्रतिशत सहित १५ प्रतिशत जरिवाना लाग्ने र अर्को ,आ.व.पछि थप १० प्रतिशत सहित २५ प्रतिशत जरिवाना लाग्नेछ। विगत आर्थिक वर्षको हकमा साबिककै ऐन बमोजिम कर तथा जरिवाना लाग्नेछ।

## अनुसूची-४

## व्यवसाय कर

पाँचथर जिल्ला कुम्मायक गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, उध्योग ,पसल, पेशा, व्यवसाय आदिमा देहाय अनुसार वार्षिक दर्ता तथा नविकरणमा पुँजी अनुसार कर लगाई राजश्व संकलन गर्ने ।(रुपैयामा)महिलाको हकमा ५०% कर छुट हुनेछ।

| क्र.स. | विवरण | दर्ता | नविकरण |
|---|---|---|---|
| १. | ० देखि १० लाख सम्म | १००० | ५०० |
| २. | १० देखि २०लाख सम्म | २००० | १००० |
| ३. | २० देखि ५० लाख सम्म | २५०० | १५०० |
| ४. | ५०,देखि १करोड सम्म | १०००० | ३००० |
| ५. | १ करोड माथि | २०००० | ५००० |
| ६. | वितिय संस्था | २५००० | १०००० |

क्रसर उध्योग

| क्र.स. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|

बम प्रसाद लावती
अध्यक्ष

बम प्रसाद लावती
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १. | क्रसर स्थापना शुल्क | रु.१,००,००० | |
| २. | क्रसर नवीकरण शुल्क | रु.५०,००० | |
| ३. | निकासी प्रति ट्रिपर | रु.८०० | गाउँपालिका (तमोर कोरिडोर आयोजना भन्दा बाहिर) |
| ४. | निकासी प्रति ट्र्याक्टर | रु.३०० | गाउँपालिका (तमोर कोरिडोर आयोजना भन्दा बाहिर) |

उल्लेखित कर आ.व.२०८०।०८१ सम्मको एक पटकलाई २०८१ असोज मसान्त सम्म जरिवाना छुट हुने र सालबसाली रुपमा असोज मसान्त सम्म १० प्रतिशत छुट हुने ,कार्तिक १ देखि पौष मसान्त सम्म सोही बमोजिम हुने,माघ १ देखि चैत मसान्त सम्म १० प्रतिशत जरिवाना लाग्ने,बैशाख १ देखि असार मसान्त सम्म थप ५ प्रतिशत सहित १५ प्रतिशत जरिवाना लाग्ने र अर्को आ.व.पछि थप १० प्रतिशत सहित २५ प्रतिशत जरिवाना लाग्नेछ । विगत आर्थिक वर्षको हकमा साविककै ऐन बमोजिम कर तथा जरिवाना लाग्नेछ ।

## हाट बजार कर

पाँचथर जिल्ला कुम्मायक गाउँपालिका यासोक बजार क्षेत्र भित्र कुम्मायक गाउँपालिका भन्दा बाहिर बाट आएका कृषि जन्य बाहेक अन्य व्यवसाय गर्न आउने व्यवसायीलाई देहाय बमोजिम हाट बजार कर लाग्नेछ।

रेडिमेट कपडा पसल रु.२००

जुता चपल पसल रु.२००

प्लाष्टिक आईटम रु.२००

## निकासी कर

| क्र.स. | निकासी हुने सामग्री | पिकअप प्रति गाडि | ट्र्याक्टर प्रति गाडी | ट्रक प्रति गाडि | कैफियत |
